

# द्रुत तथ्यहरू: COVID-19 विरुद्धको खोप र गर्भावस्था

## COVID-19 विरुद्धको खोप र गर्भावस्थाका बारे धेरै गलत जानकारी फैलिएको छ । केही ज्ञात तथ्यहरूको सम्बोधन गरौं !

**COVID-19 विरुद्धका खोपहरू गर्भ रहनु अगाडि, गर्भावस्थाको समयमा र गर्भावस्थापछि सुरक्षित र प्रभावकारी छन् ।**

American College of Obstetricians and Gynecologists (ACOG, अमेरिकन कलेज अफ अब्स्टेट्रिसियन्स एन्ड गाइनोकोलोजिस्ट) र Centers for Disease Control and Prevention (CDC, रोग नियन्त्रण तथा रोकथाम केन्द्र) द्वारा गम्भीर COVID-19 बिमारी विरुद्ध सुरक्षा प्रदान गर्न गर्भावस्थाको समयमा खोप लगाउन सिफारिस गरिएको छ ।

**गर्भवती महिलाहरूलाई COVID-19 लागेमा गम्भीर बिमारी र जटिलताहरूको जोखिम हुन्छ ।**

गर्भावस्थाको समयमा वा त्यसपछि COVID-19 बाट गम्भीर बिरामी परेमा भेन्टिलेटर आवश्यक पर्ने गरी अस्पताल भर्ना हुनुपर्ने, गर्भावस्थाको समयमा जटिलताहरू हुने, अपरिपक्व जन्म वा मृत बच्चा जन्मिने जोखिम उल्लेख्य वृद्धि हुन सक्छ ।

**COVID-19 विरुद्धका खोपहरूले जन्म दोष, गर्भपात, अपरिपक्व जन्म, मृत शिशुको जन्म वा अन्य जटिलताहरू निम्त्याउने कुनै प्रमाण भेटिएको छैन ।**

यद्यपि, COVID-19 बिमारीले यी जटिलताहरू निम्त्याउने कुरा पत्ता लागेको छ ।

**तपाईं स्तनपान गराइरहनुभएको छ भने तपाईंले खोप लगाउँदा सुरक्षित हुन्छ ।**

आमाको दूधले तपाईंको बच्चालाई 6 महिनाको उमेरमा खोपको लागि योग्य नभएसम्म COVID-19 सङ्क्रमणबाट बचाउन मद्दत गर्न एन्टिबडीहरू सार्न गर्न सक्छ ।


**स्रोतसाधनहरू:**

गर्भवती वा स्तनपान गराइरहेको समयमा COVID-19 विरुद्धका खोपहरू (cdc.gov) | https://www.cdc.gov/coronavirus/2019-ncov/vaccines/recommendations/pregnancy.html (अङ्ग्रेजी, स्पेनिस, कोरियाली, भियतनामी र चिनियाँ भाषामा मात्र)

गर्भवती र भर्खर गर्भवती भएका माहिलाहरू | CDC | https://www.cdc.gov/coronavirus/2019-ncov/need-extra-precautions/pregnant-people.html (अङ्ग्रेजी भाषामा मात्र)

COVID-19 विरुद्धको खोप र गर्भावस्था: तपाईंले जान्नुपर्ने कुराहरू | Johns Hopkins Medicine | https://www.hopkinsmedicine.org/health/conditions-and-diseases/coronavirus/the-covid19-vaccine-and-pregnancy-what-you-need-to-know (अङ्ग्रेजी भाषामा मात्र)




यो कागजातलाई अर्को ढाँचामा अनुरोध गर्न 1-800-525-0127 मा फोन गर्नुहोस् । सुन्न नसक्ने वा सुन्न गाह्रो हुने ग्राहकहरूले, कृपया 711 (Washington Relay) मा फोन गर्नुहोस् वा civil.rights@doh.wa.gov मा इमेल गर्नुहोस् ।

Vaccinate WA

CovidVaccineWA.org